# भूमि तथा कृषि अधिकार अभियान
## मासिक अपडेट
## नोभेम्बर, २०१७

CSRC आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

**(सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले नोभेम्बर महिनामा गरेको गतिविधिको संक्षिप्त अपडेट)**

### संयुक्त पुर्जा बनाउने थपिए

यस महिना बर्दियामा ७१, रौतहटमा २१, महोत्तरीमा १९, सर्लाहीमा ४, बाँकेमा ४, दाङ्गमा ७, ओ १, उदयपुरमा २, जोडि गरी जम्मा १२९ जोडीले संयुक्त पुर्जा बनाएका छन् । संयुक्त पुर्जा बनाएको जग्गाको क्षेत्रफल २७.६३ हेक्टर छ ।



*"जग्गा किनबेचबारे कुनै पनि निर्णय गर्नुपर्दा श्रीमानले म सँग कहिल्यै सल्लाह गर्नुहुन्न थियो । संयुक्त पुर्जा निर्माणपछि म पनि जमिनको मालिक बनेकी छु । अब प्रत्येक घरायसी निर्णयमा मेरो पनि समान अधिकार हुनेछ ।" झगरनी देवि चौधरी, रौतहट ।*

## संयुक्त पुर्जा बनाएका जोडी सम्मानित

जिल्ला भूमि अधिकार मञ्च रौतहटले संयुक्त पुर्जा बनाएका जोडीहरुलाई कार्तिक २१ गते गुजरा न पा १ रँगपुरमा सम्मान गरेको छ । कार्यक्रममा गुजरा नगरपालिका वडा नं. १ का नव निर्वाचित वडा अध्यक्ष राजकिशोर बन्ठाले सँयुक्त पुर्जा बनाएका १४ जोडी श्रीमान् र श्रीमतीलाई दोसल्ला ओढाई सम्मान गरेका थिए । कार्यक्रममा (महिला २३ र पुरुष २२ जना) ४५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमबाट प्रभावित भई तीन जोडीले सँयुक्त पुर्जा बनाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।



## १२ वटा नयाँ गाउँ मञ्च थपिए

यस महिना रौतहटमा ९, सर्लाहीमा १ र सिरहामा २ गरी जम्मा १२ नयाँ गाउँ मञ्च थपिएका छन् । थपिएका नयाँ गाउँमञ्चमा ४६८ जना सदस्यहरू सङ्गठीत भएका छन् ।

## मोही किसानले  हक पाए

सर्लाहीमा ८ जना, बाँकेमा ३ जना र बर्दियामा २ जना गरी १३  जना मोहि किसानले मोही हक बापत १.८१ हेक्टर जग्गा प्राप्त गरेका छन् ।



गुलरीया नगरपालिका वडानं. १२ बर्दियाका हिरालाल थारु मोही वापतको आधा जग्गा प्राप्त गरेपछि पुर्जा देखाउँदै । उनले वि.स. २०२१ सालदेखि साहूको खेत जोत्दै आएका थिए ।

## भुकम्पबाट विस्थापितहरु नाम लाभग्राही सूचीमा समावेश

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट रसुवा जिल्लाको ३५२ विस्थापित परिवारको लाभग्राही सूचीमा नाम प्रकाशन भएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र जिल्ला भूमि अधिकार मञ्चको संयुक्त पहलमा जिल्ला तथा केन्द्रीय तहमा विभिन्न चरणगत डेलिगेसन गई विस्थापित परिवारको पुनर्वासको लागि पहल गरिएको थियो । सो अनुसार पहिलो चरणमा लाभग्राही सूचीमा प्रकाशन भएका घरधुरीको यथासक्य पुनर्वासको प्रक्रियामा सहयोग गर्नको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिको सचिवालयसँग सहकार्य गरी उत्तरगया गाउँपालिकाको कार्यालयमा बसी विस्थापित परिवारको लागि जग्गा खरिद गर्ने प्रक्रिया सुरु भएको छ । हालसम्म जग्गा खरीदका लागि १३४ परिवारको निवेदन सङ्कलन गरिएको छ । निवेदन सङ्कलन गरी उनीहरूले खरिद गर्न खोजेको जग्गाको नक्सा उतार गर्ने, जग्गाधनीसँग मञ्जुरीनामा लिने, गाउँपालिका कार्यालयबाट सिफारिस पत्र लिने, संयुक्त पुर्जा निर्माण गर्नको लागि आवश्यक कागजातहरू सङ्कलन भएको छ  यसका साथै कालिका गाउँपालिका ५ र उत्तरगया गाउँपालिकाको २१ परिवारलाई लाभग्राही सूचीमा समावेश गर्नको लागि फाइल सङ्कलन गरी

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यालयमा पठाइएको छ । लाभग्राहीमा समावेशी भएका परिवारसँग पुर्ननिर्माण प्राधिकरणले अनुदान सम्झौता गरी प्रति परिवार दुई लाखको दरले रकम उपलब्ध गराउने तयारी भईरहेको छ ।

## भुकम्पबाट विस्थापितहरु आफ्नो घर फर्किए

१२ बैशाख, २०७२ मा गएको भूकम्पले क्षति पुऱ्याएपछि आफ्नो गाउँ छोडि विस्थापित भएका रसुवा जिल्लाको हाकुका ३३५ परिवार गाउँ फर्किएका छन् । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट परिचालन भएको भौगर्भिक अध्ययन टोलीले उक्त क्षेत्रको अध्ययनबाट उनीहरुको घर रहेको ठाउँ (हाकु बेँशी र ठुलो हाकु) सुरक्षित रहेको जानकारी दिएपछि विस्थापित परिवारहरु बसोबास गरिरहेको धुन्चेबाट आफ्नो गाउँ फर्किएका हुन् । जिल्ला भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको पहलमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, गाउँपालिका र जिल्ला समन्वय समितिको कार्यालयसँग समन्वय गरी उक्त क्षेत्रको अध्ययनका लागि भौगर्भिक अध्ययन टोली पठाइएको थियो । पुर्नस्थापित परिवारको नयाँ घर निर्माण गर्नको लागि सम्झौता प्रक्रिया समेत अघि बढेको छ । सम्झौता अनुसार उनीहरूले पहिलो किस्ताको रकम लिई नयाँ घर बनाउने प्रक्रिया सुरु गरेका छन् ।



सम्झौतापत्र सहित हाकुबासी

## कृषिमा यूवाको सहभागिता विषयक अन्तरक्रिया

युवाहरूलाई कृषिप्रति आकर्षण गर्न र भूमि अधिकारको अभियानमा युवाको सहभागिता बढाउन सुनकोशी गाउँपालिका वडा नं. ८ च्यानाम चिउरिडाँडामा २०७४ मंसिर ४ गतेका दिन कृषिमा युवाको सहभागिता विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्ला भूमि अधिकार मञ्च ओखलढुंगाको आयोजनामा भएको कार्यक्रमबाट युवाहरु कृषि पेशामा संलग्न नहुनुको कारणको खोजी गरी तत्काल गर्ने र स्थानीय तह, भूमि अधिकार मञ्च र अन्य सरोकारवाला निकायसँग समन्वय गरी संयुक्त तयार गरिएको छ ।

सुनकोशी गाउँ पालिका ८ का वडा सदस्य प्रेम वहादुर थापा र शुसिला श्रेष्ठ, राजनीतिक दलका प्रतिनिधि, वैदेशिक रोजगारीमा गएका परिवारका सदस्य, जिल्ला मञ्चका पदाधिकारी तथा कार्यकर्ताहरुले यूवाहरु कृषि पेशामा संलग्न नहुनुको कारण बारे छलफल गरका थिए । खेती गर्ने किसानसंग जग्गा नहुनु, सिञ्चाई, मल, विउ र औजार उपलब्ध नहुनु, उत्पाति वस्तुको न्यायोचित मुल्य र बजार नहुनु, ठाउँ अनुसारको भन्दा देखासिकीको खेती गर्नु, उत्पादित बस्तुहरु प्रचार प्रसार नहुनु र कृषि पेशाको सम्मान र भविष्यको सुरक्षा नहुनु जस्ता कारणहरूले गर्दा कृषिमा युवाको चासो कम रहेको कुरा अन्तर्क्रियाका सहभागीहरूले उल्लेख गरेका थिए । कृषि प्रधान मुलुकमा कृषि पेशाप्रतिको निराशा हटाउन तत्काल वडा अध्यक्षहरु, गाउँपालिका प्रमुख र स्थानीय बुद्धिजिवीसँग बसी सहकार्य



अन्तरक्रियामा सहभागीहरु

गर्ने, बाँझो जग्गाको तथ्याङ्क संकलन गर्ने, विदेश गएर आएका किसानहरुको तथ्याङ्क संकलन गर्ने र उनिहरु संग बसी कृषिसम्बन्धी योजना बनाउने, सहयोगीहरु खोजी गर्ने लगायतका योजना तयार गरिएका छन् । सो कार्यक्रममा २१ महिलासहित ३३ जनाको सहभागिता रहेको थियो ।

## विस्थापितहरुलाई घर निर्माणका लागि जग्गा खरिद गरियो

नुवाकोटको तादी गाउँपालिका वडा नं. १ बाट बिस्थापित भएका २४ घरधुरीलाई तादी गाउँपालिका वडा नं. ३ को बुदुनेमा ८ रोपनी जग्गा उपयुक्त भएकोले २४ घर परिवारलाई बस्ती विस्तार गर्नको लागि छनौट गरियो ।

केदार उप्रेतीको नामामा रहेको आठ रोपनी क्षेत्रफलको जग्गा पुनर्निर्माण प्राधिकरणले ४५ लाखमा खरिद गरी २४ घर परिवारको नाममा नै संयुक्तरुपमा उक्त जग्गा पास गरिएको हो ।

उक्त ८ रोपनी जग्गामा २४ घर परिवारको एकिकृत बस्ती बसाउने तयारी भैरहेको छ । एकीकृत बस्तीका लागि जग्गा सुरक्षित र  बसोबासयोग्य रहेको निष्कर्ष पुर्ननिर्माण प्राधिकरणले निकालेको छ ।



नुवाकोटमा जग्गा खरिदका लागि जग्गा धनी केदार उप्रेतीलाई चेक हस्तान्तरण गर्नुहुँदे पुर्ननिर्माण प्राधिकरणका अधिकृत बेद प्रसाद गौडेल

**बाँझो जग्गा पहिचान**

जिल्ला भूमि अधिकार मञ्च, बर्दियाका पुर्णकालिन कार्यकर्ता रामकुमारी चौधरी र संयोजक होमेन्द्र थापाले बाँसगढी नगरपालिकासँग छलफल गरी बाँसगढी नगरपालिका वडा न.५ मा अनुमानित ११ बिगाहा र बाँसगढी नगरपालिका वडा न. २ अमोहियामा १ बिगाहा गरी १२ बिगाहा बाँझो जग्गाको खोजी तथा पहिचान भएको छ ।



बाँसगढी नगरपालिका वडा न.५ स्थित (बायाँ) र बाँसगढी नगरपालिका वडा न. २ अमोहियामा बाँझो जग्गा (दायाँ)

## उदाहरणीय बन्दै तरकारी खेती

बर्दिया बाँसगढी नगरपालिका वडा न.९ स्थित तिन कठुवा भूमि अधिकार मञ्चमा ४३ परिवार सुकुम्मबासी, मुक्त कमैयाहरु आबद्ध छन् । जसमध्ये ९ परिवारले प्रति परिवार १ कट्ठा बराबर जमिनमा बेमौसमी तरकारी खेती गरेका छन् । बस्तीमा सुरुमा पानीको निकै अभाब थियो । दैनिक रुपमा खाने तरकारी उत्पादनमा पनि धौ धौ परिरहेको थियो । बस्तीमा तरकारी खेती सम्बन्धि छलफल भयो । ४३ परिवारमध्ये ९ परिवारले तरकारी खेती गर्ने निर्णय भयो । योजना बन्यो । उक्त योजनासहितको निवेदन जिल्ला भूमि अधिकार मञ्चमा पेश भयो । जिल्ला मञ्चले २०७३ साल ९ परिवारलाईतरकारी खेतीका लागि रु.५४,००० आर्थिक सहयोग गरेको थियो । ९ परिवार मिलेर सामुहिक रुपमा पालैपालो हेण्ड पम्प (पानी धारा) जडान गरे । सो रकमबाट बिऊ बिजन किनेर ९ घरधुरीले बराबरी भागमा बाँडेर तरकारी खेतीमा भान्टा, गोभी, टमटर, खुर्सानी र लौका खेती गर्दै आईरहेका छन् ।

नौ परिवारमध्येका एक सदस्य ठग्गा थारुका अनुसार १ कट्ठा जग्गामा लगाएको तरकारी खेतीमा गोभी प्रति केजी ५०, भन्टा प्रति केजी ४०, खुर्सानी प्रति केजी ६० रुपैयामा बिक्री गरी दैनिक रु.१२०० देखी १६०० सयसम्म



आम्दानी गरिरहेका छन् । उनले भने "तरकारी खेतीबाट नाफा भएपछी छोरा छोरीको पढाईको लागि कापी, किताब र कपडाहरु किन्न, घरपरिवारमा कोही बिरामी हुँदा औषधी उपचार गर्न सहयोग भएको छ ।" उत्पादित तरकारी खरीद गर्न आजभोली ग्राहकहरु गाउँ बस्तीमै आउने गर्छन् । यसले गर्दा किसानहरु दैनिक रुपमा बजार जानु पर्दैन ।

पानीको सुबिधा नभएकोले पहिला अन्नबाली उत्पादन नहुँने ठाउँ अहिले हराभरा भएको छ । दैनिक आम्दानीको श्रोत बनेको छ तरकारी खेती । ९ परिवारले गरेको तरकारी खेती देखेर अरु बस्तीमा अरु सदस्यको पनि तरकारी खेती प्रति चासो बढ्दै गएको छ ।